नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर
२०६८

# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## (प्रेस विज्ञप्ति)

(विषयः अभियोग पत्र दायर गरिएको सम्बन्धमा।)

भारत राजस्थान घर भई जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१० लाठगल्ली को ठेगानाबाट नेपाली नागरिकताको प्रमाण लिएका जगदिश प्रसाद अग्रवालको छोरा बर्ष ४६ को निरन्जन कुमार अग्रवाल (ना.प्र.प.नं.३४१०२२/७९, पर्सा) समेतका विरुद्ध यस विभागमा सम्पत्ति शुद्धीकरणको कसुरमा दर्ता हुन आएको उजुरी/सूचना उपर यस विभागबाट प्रारम्भिक जाँचबुझ तथा अनुसन्धान हुँदा प्रतिवादी निरन्जन कुमार अग्रवालले झुठ्ठा विवरण पेश गरी नेपाली नागरिकता लिई निजको श्रीमती रितुदेवी अग्रवाललाई वैवाहिक अंगीकृत नागरिकता दिलाई सोही कसुर अपराधबाटै आफु र आफ्नो परिवार तथा अन्य मानिसहरुको नाममा गैरकानूनी सम्पत्तिहरू आर्जन गरी प्रतिवादीले सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण ऐन, २०६४ (संशोधन सहित) को दफा ३(१) को खण्ड (क) (ख) (ग) बमोजिमको कार्य गरी सम्पत्ति शुद्धीकरण गरेको देखिंदा निज प्रतिवादीले कारोवार गरेको सम्पतिको कुल रकम रू. ५१,११,९५,०७०/०८ (एकाउन्न करोड एघार लाख पन्चानब्बे हजार सत्तरी रुपैया आठ पैसा) बिगो कायम गरी निज प्रतिवादीलाई सोही ऐनको दफा ३०(१) बमोजिम सजाय हुन र निज प्रतिवादीले अवैध रुपमा कारोवार गरी कमाएको सम्पति शुद्धीकरण गरी निजको एकल तथा निजको श्रीमती रितुदेवी अग्रवाल र निजहरुले युनेश वली र सबिता कुमारीसँगको साझेदारीमा सँयुक्त नाममा खरिद गरी राखेका सम्पुर्ण जग्गाहरु, कम्पनीबाट भएका सम्पुर्ण कारोवारहरु तथा बिभिन्न बैंकहरुमा राखिएका सम्पुर्ण बैंक व्यालेन्स रकम तथा शेयरहरु समेत सोही ऐनको दफा ३४(१) बमोजिम जफत गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट क्षतिपुर्ति शुल्क वापतको रकम निर्धारण गरी पीडित राहत कोषमा जम्मा गराई पाउन समेतको मागदावी सहित र अन्य प्रतिवादीहरु रितुदेवी अग्रवाल, युनेश वली र सबिता देवीसमेतलाई देवानी दायित्व मात्र रहने गरी यस विभागको तर्फबाट अख्तियारप्राप्त अनुसन्धान अधिकृतको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकील कार्यालय पर्साले सम्मानित पर्सा जिल्ला अदालतमा मिति २०८२/४/१४ गते अभियोग पत्र दायर गरेको छ ।